# 'उकास' कथामा आञ्चलिकता

बोमबहादुर खड्का
सेवानिवृत प्रहरी निरीक्षक
bom4khadka@gmail.com

## सारसङ्क्षेप

*प्रस्तुत अनुसन्धानात्मक लेख सनत रेग्मीद्वारा लेखिएको 'उकास÷ कथा आञ्चलिकता शीर्षकमा केन्द्रित छ । आञ्चलिकता शब्दको अर्थ अञ्चलसँग सम्बन्धित रहेको हुन्छ । त्यहीँ कथाञ्चलमा देखिएका प्राकृतिक एवं मानव निर्मित मौलिक विशेषतालाई नै आञ्चलिकता भनिन्छ । कुनै निश्चित कथाञ्चलमा आधारित रहेर त्यस भेगमा देखिएका सिद्धान्त, मूल्यमान्यता, वेशभूषा, सभ्यता, भूगोल तथा प्रकृति, सामाजिक सांस्कृतिक स्थिति, आर्थिक स्थिति, शिक्षाको स्थिति, भाषिक स्थिाति, चालचलन, लोकतत्व, राजनीतिक चेतना, चाडपर्व आदि विशेषताको समष्टि रूप नै आञ्चलिकता हो । यस विवेच्य कथाको कथाञ्चल बाँके जिल्लाको रापती नदी पारि दक्षिणी तराई क्षेत्र रहेको छ । कथाञ्चलमा देखिएका रापती मैयाँले छाडेकी नदीको किनारमा रहेको उकास जमिनको भूगोल तथा प्रकृति, रापती नदीले त्यस क्षेत्रका बासिन्दालाई प्रत्येक सालको बर्षातमा दिने सास्ती तथा हैरानी र त्यस भेगमा स्थायी रूपमा बसोबास गर्ने अहिर, धोबी, चमार, महतो, कोरी, दर्जी आदि जस्ता निम्न वर्गीय जातजातिको भाषा, वेशभूषा, निम्न स्तरको आर्थिक स्थिति, शैक्षिक स्थिति रहेको देखिन्छ । त्यसैगरी त्यस क्षेत्रका गरिबलाई शोषण गर्न ठाकुर, पटवारी, मुखिया जस्ता पद निर्माण गरी पुस्त्यौंली शोषण गरेको देखिएकाले विवेच्य कथा आञ्चलिक हो भन्ने कुरा स्पष्ट रहेको छ ।*

प्रमुख शव्दावली : महतोको पगरी, पुरवाको मिटिङ, अधियाँ बटैया, खुनखरावा र गुमास्ता ।

## १. विषयपरिचय

'उकास' कथाका कथाकार सनत रेग्मी (६ असोज २००४) द्वारा लिखित कथा हो । मातृत्वको चित्कार (२०२४), चन्द्रज्योत्सना र कालो बादल (२०२५), दिनान्त (२०३५), बन्द कोठाहरूको सहर (२०४५), लछमनियाको गौना (२०५०), समयसत्य (२०५४), सनत रेग्मीका प्रतिनिधि कथा (२०६०), स्मृति–दश र अन्य कथाहरू (२०६६) कथासङ्ग्रहहरू र सनत ७५ (२०७८) कथासङ्ग्रह प्रकाशित गरेका छन् । रेग्मीको प्रथम रचना हिन्दीमा 'समाजकी बेटी (मराल, २०१७) शिर्षकमा कथा प्रकाशित गरेका देखिन्छ । नेपाली साहित्यमा भने नारी (नौलो पाइलो, ११,२०१९) कविता प्रथम रचना प्रकाशित गरी प्रारम्भ गरेका हुन् । २०१९ देखि नेपाली साहित्यमा प्रवेश गरेका देखिए पनि २०२३ देखि कथा लेखनमा आफूलाई समर्पित गरेको देखिन्छ । प्रमाणपत्र–तहसम्म अध्ययन गरेका रेग्मीले जीवनका केही महत्त्वपूर्ण समय राजनीति एवं सामाजिक क्षेत्रमा समेत व्यतीत गरेका छन् । नेपालगञ्जबाट प्रकाशित दियालो (२०२७–२०२८), समय

(२०२७–२०२८), वर्तमान (२०४४–२०४५) समेत विभिन्न पत्रिका सम्पादन गरेका कथाकारले नेपाल प्रज्ञा—प्रतिष्ठानका सदस्य–सचिव समेतको जिम्मेवारी पुरा गरिसकेका छन् । रेग्मी सामाजिक यथार्थवादी कथाकार हुन् । उनका कथामा खासगरी सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका दुर्बल र विकृत पक्षको चित्रण पाइन्छ । पात्रका मनोवैज्ञानिक समस्याको सूक्ष्म अध्ययन गरी देखिएका कुरालाई खरो रूपमा उठान गरी आफूलाई प्रभावपूर्ण मनोविश्लेषणवादी कथाकारका रूपमा उपस्थिति देखाएका छन् । नेपाली साहित्यमा उनी आञ्चलिक कथाकारका रूपमा परिचित छन् । उनका आञ्चलिक कथाको परिवेश मूलतः बाँके जिल्लाका रापती नदी पारि दक्षिणी भेगका ग्रामीण क्षेत्र र नेपालगञ्ज सहर आसपासका सहरी तथा ग्रामीण क्षेत्र रहेको पाइन्छ । उनले आञ्चलिक कथामा तराई–मधेसका निम्नवर्गीय पुरुष तथा महिलाका विविधखाले समस्यालाई उजागर गरेका छन् । उनका तराई–मधेसका समस्यामा केन्द्रित कथाको भाषा तत्स्थानिक जाति र लवजअनुसार रोचक प्रस्तुति छन् । सबैजसो कथाको भाषाशैली सरल र सुबोध्य रहेका छन् । त्यसैगरी आञ्चलिकताभित्र समान भूगोल तथा प्रकृति, हावापानी, जातजाति, भाषा, समाज र संस्कृति, धर्म, परम्परा, आर्थिक स्थिति, प्रशासनिक ढाँचा आदि रहन्छ । आञ्चलिकता शब्दले विषेश रूपले स्थानियतालाई चिनाउने काम गर्दछ । प्रस्तुत कथाको कथानकले लिएको स्थान, घटना घटेका समय, अवस्था आदिलाई हेर्दा आञ्चलिकताको कोणबाट गहन रूपमा प्रस्तुत गरेको देखिन्छ ।

## २. समस्याकथन

'उकास' कथामा प्रयुक्त आञ्चलिकताको खोजी गर्नु मुल समस्या हो । आञ्चलिकताका विविध पक्षहरू भौगोलिक, भाषिक, ऐतिहासिक लगाएत त्यस क्षेत्र विशेषसँग सम्बद्ध स्थानिय विशेषताहरू रहेका हुन्छन् । रेग्मीका कथामा स्थानीय विशिष्टतासँग सम्बद्ध भौगोलिक वा प्राकृतिक अवस्था, आर्थिक अवस्था र सामाजिक–सांस्कृतिक परिवेशका विषयमा आञ्चलिकताका खोजी गरी केकस्ता समस्या छन ? ती समस्यालाई कसरी प्रस्तुत गरिएका छन् ? भन्ने प्राज्ञिक जिज्ञासा नै प्रस्तुत शोधको समाधेय समस्या हो ।

## ३. अध्ययनको उद्देश्य

'उकास' कथामा प्रयुक्त मूल समस्यामा केन्द्रित रही त्यसको अध्ययन विश्लेषण गरेर प्राज्ञिक एवं तथ्यगत प्रामाणिक रूपमा भौगोलिक वा प्राकृतिक अवस्था, आर्थिक अवस्था र सामाजिक–सांस्कृतिक परिवेशका सन्दर्भमा आञ्चलिकताका विश्लेषण गर्नु रहेको छ ।

## ४. अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

प्रस्तुत 'उकास' कथा अञ्चलिकताका कोणबाट विश्लेषण गर्नुमा केन्द्रित छ । कथाकार रेग्मीका कथाका बारेमा विभिन्न सैद्धान्तिक ढाँचामा हालसम्म जे जति अध्ययन

भएका छन् ती प्रशंसनीय छन् । यस विषयको अध्ययनबाट कथाकारले आफ्ना कथामा आञ्चलिकतासम्बन्धी अभिव्यक्त गरेका नवीन प्राज्ञिक ज्ञानको प्रतिष्ठापन हुने भएको हुँदा यस अध्ययन महत्वपूर्ण रहेको छ । यस कथामा छिपेको लुप्त ज्ञानलाई वस्तुनिष्ठ रूपमा खोजी नवीन ज्ञानको प्रतिपादन गरी प्राज्ञिक वर्गमा रहेको जिज्ञासा समन गर्ने रहेकोले यस अध्ययन औचित्यपूर्ण छ । मूलतः शैक्षिक, साहित्यिक, व्यावहारिक, अनुसन्धान लेखनका साथै भविष्यमा समेत आञ्चलिकताका कोणबाट अन्य कृतिहरूको अध्ययन विश्लेषण गर्न मार्ग निर्देश गर्ने हुनाले यो लेख महत्त्वपूर्ण छ । यसबाट प्राप्त नवीन ज्ञानबाट पाठक, समालोचक र शोधार्थीलाई लाभ पुग्न जाने हुँदा यो उपयोगी छ ।

## ५. अध्ययनको सीमाङ्कन

यस 'उकास' कथालाई अन्य सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गर्न सकिने भए तापनि यहाँ भौगोलिक वा प्राकृतिक अवस्था, आर्थिक अवस्था र सामाजिक–सांस्कृतिक परिवेशका सन्दर्भमा आञ्चलिकताको कोणबाट खोजी गर्नु यस लेखको सीमा रहेको छ ।

## ६. अध्ययन विधि

प्रस्तुत लेखको अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलन र व्याख्या विश्लेषणको ढाँचा तल दिइएको छ ।

### ६.१ सामग्री सङ्कलन विधि

'उकास' कथा आञ्चलिकताका आधारमा विश्लेषण गरिने भएको हुँदा प्राथमिक सामग्रीका रूपमा उकास कथा रहेको छ भने द्वितीयक सामग्रीका रूपमा आञ्चलिकताको कोणबाट लेखिएका अन्य पुस्तक, लेख, शोधपत्र, शोधप्रवन्ध, पत्रपत्रिका र पुस्तकालय रहेका छन् ।

### ६.२ सामग्री विश्लेषण विधि

प्रस्तुत अध्ययन आञ्चलिकता विशेष भएको हुँदा सङ्कलित प्राथमिक र द्वितीयक स्रोत सामग्रीलाई तथ्यगत रूपमा केन्द्रित रहेर कथालाई वर्णनात्मक विधिबाट भौगोलिक वा प्राकृतिक अवस्था, आर्थिक अवस्था र सामाजिक–सांस्कृतिक स्थितिका सन्दर्भमा आञ्चलिकताको खोजी गरी विश्लेषण गरिएको छ।

## ७. सैद्धान्तिक पर्याधार

नेपाली भाषामा प्रचलित 'अञ्चल' तत्सम शब्द हो । अञ्च धातुमा अचल प्रत्यय लागेर अञ्चल शब्द बनेको हो । (आप्टे, सन् १९६६, पृ. १४) अङ्ग्रेजीको रिजन शब्द

ल्याटिनको रेजिओ शब्दबाट बनेको हो । जसको अर्थ लक्ष्य, मार्ग, सीमावद्ध र गतिशील क्षेत्र भन्ने हुन्छ । कुनै एउटा निश्चित क्षेत्र बिशेषमा अवस्थित एकै किसिमको भूगोल, भाषा र संस्कृतिका समान विशेषता भएको क्षेत्रलाई रिजन भनिएको हो । रिजनमा निश्चित भूगोल, क्षेत्र, जुन क्षेत्रमा निश्चित प्रकारको प्राकृतिक विशेषता, हावापानीको अवस्था, विशेष प्रकारका वन्यजन्तु, रूख विरूवाहरूका विशेषता र विशेष प्रकारका चारित्रिक विशेषताहरू पर्दछन् । त्यसैगरी अङ्ग्रेजी रिजन शब्दबाट नेपालीमा अञ्चल शब्द र अञ्चल शब्दको अर्थमा कुनै पनि ठाउँ, क्षेत्र र प्रदेशको कुनै एक भाग भन्ने बुझिन्छ । नेपालको सन्दर्भमा हामीले सामान्य रूपमा बुझ्दै र व्यवहारमा प्रयोग गर्दै आएको नेपालका मेची, कोशी, कर्णाली, माहाकाली जस्ता चौध अञ्चल विकास तथा प्रशासनिक इकाइलाई रिजन वा अञ्चल भनिन्छ । हरेक अञ्चलका फरक फरक विशेषता रहेका हुन्छन् । त्यसैले फरक फरक विकास, प्रशासनिक तथा राजनीतिक क्षेत्रमा विभाजन गरिएको हो । अञ्चल भित्र निश्चित भूगोल, जनसङ्ख्या, जाति, आर्थिक अवस्था, सामाजिक अवस्था, रितिथिति, धर्म, संस्कृति, भेषभूषा, रहनसहन, चाडपर्व, मनोभाव, आस्था, मान्यता, भाषा, हावापानी, बोटबिरुवा, ताल, पोखरी, ऐतिहासिक परम्परा, प्रशासनिक तथा राजनीतिक गतिविधि रहन्छन् । आञ्चलिक शब्दमा 'ता' प्रत्यय लागेर आञ्चलिकता शब्द बनेको हो । आञ्चलिकता शब्दको अर्थ अञ्चलसँग सम्वन्धित रहेको छ । त्यही अञ्चलमा प्राकृतिक एवं सामाजिक स्तरमा देखिएका निजी विशेषता एवं भौगोलिक विशेषतालाई नै आञ्चलिकता भनिन्छ । यसलाई अञ्चल विशेषस’ग सम्वन्धित सिद्धान्त वा मान्यताका रूपमा लिने गरेको पाइन्छ । कुनै पनि अञ्चलमा बस्ने बासिन्दाका मानसपटलमा गहिरिएर रहेको अञ्चल विशेषस’ग सम्वन्धित विशिष्ट भौगोलिक सांस्कृतिक खोजको नाम नै आञ्चलिकता हो । कुनै पनि मुलुकको काल, जाति, धर्म, भौगोलिक, ऐतिहासिक परम्परा, प्रशासनिक र राजनीतिक भित्रको संस्कृति नै आञ्चलिकता हो । त्यसैगरी कुनै पनि अञ्चलमा आधारित रहेर कुनै निश्चित क्षेत्र, प्रदेश वा अञ्चल विशेषमा केन्द्रित रहेका त्यहाँका विशेषता, सिद्धान्त, मूल्यमान्यता, वेशभूषा, सभ्यता, चाडपर्व, रूढीवादी, चालचलन, भूगोल, प्रकृति, समाज, संस्कृति, लोकतŒव, राजनीतिक चेतना, आर्थिक, इतिहास, भाषा आदिको समष्टि रूप नै आञ्चलिकता हो । आञ्चलिकता समाजशास्त्रको एउटा पाटो हो । समग्रमा भन्नुपर्दा कुनै पनि निश्चित अञ्चल वा क्षेत्र विशेषमा केन्द्रित साहित्य, समाजशास्त्र, भौगोलिक अध्ययन, राजनैतिक अध्ययन गर्ने सिद्धान्तलाई नै आञ्चलिकता भनिन्छ ।

आञ्चलिकताका सन्दर्भमा अञ्चल भनेको कुनै समान विशेषता र समान समस्याहरू भएको कुनै निश्चित सीमाबद्ध भूभाग तथा त्यस भू–भागभित्रको समाज र संस्कृतिसमेतको समष्टि हो । आञ्चलिकतामा आउने त्यस्तो अञ्चललाई कथाञ्चल बनाई त्यसका विशिष्टताहरूको चित्रणका आधारमा त्यस अञ्चललाई समग्रमा चिनाउने उद्देश्य राखेर लेखिने साहित्य नै आञ्चलिक साहित्य हो (सुवेदी, २०६८, पृ. ७३–७४) । आञ्चलिकता वा आञ्चलिक साहित्यबारे बुझ्नका लागि केही कोश र विद्वान्हरूका भनाइ उद्धृत गर्न सान्दर्भिक हुने देखिन्छ । भारतीय समालोचक नगीना जैनको धारणा अनुसारः

आञ्चलिकताको अर्थ–क्षेत्रविशेषको सत्यको उद्घाटन गरिएको जीवन जो कुनै एक परिवेश विशेष नभई त्यस खण्डको समग्र क्षेत्रीयताको प्रतीक हो । अञ्चलको भौगोलिक वा सामाजिक वा सांस्कृतिक सीमाबद्ध खास क्षेत्रको सामान्य जीवनसत्यको अन्तर वा एकरूपताको निदर्शन, देश—काल, जाति, धर्म, भौगोलिक स्थिति, आर्थिक–सामाजिक प्रणाली र रीति–नीतिको मनोवैज्ञानिक रहस्यका बीच स्थापित क्षेत्रीय जीवनको स्वीकृतिको अभिव्यक्तिको खोजको नाम नै आञ्चलिकता हो (सन् १९७६, पृ.५) ।

इन्साइक्लोपेडिया ब्रिटानिकाका अनुसार रिजन वा अञ्चल भनेको एकै किसिमको समाज, एकै किसिमको संस्कृति र समान विशेषता भएको क्षेत्र हो (सन् १९८०, पृ.४८००) । अञ्चल शब्द भाषा–साहित्यका क्षेत्रमा आउँदा राज्यद्वारा निर्धारित क्षेत्र वा अञ्चलविशेष पनि हुन सक्दछ र निश्चित प्रकारको भौगोलिक, सामाजिक, सांस्कृतिक आदि विशेषताले युक्त क्षेत्र पनि हुन सक्दछ (सापकोटा, २०७४)।

अञ्चलका आफ्ना भौगोलिक, सांस्कृतिक, आर्थिक विशेषताहरू हुन्छन् । विशिष्ट ऐतिहासिक परम्परा र पृष्ठभूमिमा कुनै अञ्चलभित्रको जीवनवृत्त चलेको हुन्छ । यी सबैको समष्टि व्यक्तित्व आञ्चलिकता हो । त्यसैले आञ्चलिक आख्यानमा अञ्चललाई नै नायकत्व प्रदान गरिएको हुन्छ । आञ्चलिक आख्यानमा अञ्चल विशेषको गहिराइमा पसेर त्यसको संवेदना र स्पन्दन ठम्याउँदै क्षेत्र विशेषको जीवन सत्यको अनावरण गर्ने उद्देश्य अन्तर्निहित हुन्छ (अधिकारी, २०७६, पृ.१०)।

यसरी जेजति र जेजस्तो आञ्चलिक विशेषतालेयुक्त भए पनि सो क्षेत्र अन्य क्षेत्रभन्दा भिन्न र विशिष्ट हुन आवश्यक छ । यस्तो विशिष्टता र भिन्नता मिश्रित संस्कृति सहरबजारमा भन्दा ग्रामीण क्षेत्रमा धेरै पाइने भएकाले आञ्चलिक साहित्यको विषयवस्तु

ग्रहणका लागि ग्रामीण क्षेत्र उपयुक्त मानिन्छ । त्यसैगरी आञ्चलिक हुँनलाई आवश्यक पर्ने तत्वहरू भूगोल तथा प्रकृति, सामाजिक र संस्कृति, आर्थिक स्थिति, शैक्षिक स्थिति रीतिथिति, रहनसहन, वेशभूषा, धार्मिक, विश्वास, रूढि, चाडपर्व, मेला, तमसा, नृत्य, गीत, उखान टुक्का, राजनीतिक चेतना आदि रहेता पनि यस लेखमा भूगोल तथा प्राकृति अवस्था, सामाजिक र संस्कृतिको स्थिति र आर्थिक स्थितिका बारेमा सूक्ष्म अध्ययन गरि त्यसको चित्रण गरिएको छ ।

# ८. 'उकास' कथाको विश्लेषण

## ८.१ भौगोलिक तथा प्राकृतिक अवस्था

'उकास' कथा नेपालको पश्चिम तराई बाँके जिल्लाको रापती नदीको दक्षिणी भेक तराईको समथर जमिन भएपनि भौगोलिक तथा प्राकृतिक परिवेशले आजसम्म दुर्गम क्षेत्रका रूपमा परिचित छ । रापती अञ्चलको रोल्पा, प्युठान जिल्लामा उदगम स्थल भएको रापती नदी दाङको देउखरी इलाका र बाँकेको अगैया, पिपरहवा, वेतहनी, सुनवर्षा, होलिया आदि ग्रामीण इलाकाबाट नेपाल भारतको सीमाबाट भारतको जमुनीतर्फ बग्ने नदीमा सीमा क्षेत्र भारतको लक्ष्मणपुर स्थित निर्मित पानीको बाँधमा बर्षातको वहाव भारतका पक्षबाट बन्द गरिदिँदा बाँकेको दक्षिणी क्षेत्र होलिया, लक्ष्मीपुर, भगवानपुर, फत्तेपुर, .नरैनापुर, वेतहनी, पिपरहवा, सुनवर्षा आदि गाउँमा रापती नदी प्रवेश गरी प्रत्येक वर्षको डुवानले धनजनको क्षति एवं सयौं हेक्टर उर्वर जमिन बगरमा परिणत हुने गरेको छ । रापती नदीले बेला–बेलामा धार परिवर्तन गर्दा नदीको पूर्वतर्फको जमिन उकास बनाई छाडेको बाँझो जमिन र त्यस जमिनमा बेसर्माले जङ्गलको आकार लिएको कुरा निम्न साक्ष्यबाट स्पष्ट हुन्छः

विगत दुई–तीन बर्षदेखि रापती पश्चिमतर्फ हानिँदै आइरहेकी छिन् र पूर्वतर्फ निकै जमिन छाडेकी छिन् । पाँगो माटोले उर्वरा भएको त्यो जमिन बाँझो रहन सक्दैन । त्यहाँ बिस्तारै बेसर्मा उम्रदै जान्छ र त्यो बेसर्माले जङ्गालकै आकार लिन थाल्छ । ज्ञानी महतो विस्तीर्ण दृष्टिले बेसर्माको जङगलको अवलोकन गर्दछ । झन्डै तीन–चार बिघामा फैलिएको छ त्यो जङ्गल (पृ. ३७)।

प्रस्तुत कथनानुसार बाँकेको रापती नदीको बर्षातले यहाँ दुई–तीन बर्षदेखि आफू बग्दै आएकी रापती मैयाँ पूर्वतर्फको किनारबाट आफ्नो धार परिवर्तन गरी पश्चिम किनारमा

आएकी छिन् । नदीले छाडेकी झन्डै तीन–चार बिघाको त्यो जमिनमा बेसर्मा उम्रिएर जङ्गलको रूप लिएको छ । कथामा पूर्वतर्फको जमीन छाडी पश्चिमतर्फ आएकी रापती नदीले प्रभावीत क्षेत्रको भूगोल वा प्रकृती रहेको गाउँबस्तीको नाम उल्लेख नगरिए पनि त्यो क्षेत्रका गाउँवस्ती होलिया, लक्ष्मीपुर, भगवानपुर, फत्तेपुर, नरैनापुर, वेतहनी आदि गाउँ रहेको बुझ्न सकिन्छ । नदीले हरेक बर्षको बर्षातमा डुबानमा पारि सयौं हेक्टर जमिन डुवान एवं कटान गर्छ भने उत्तिकै धनजनको क्षति पुर्‍याई गाउँको सामजिक जीवनपद्धतिलाई खलवल पारेको कुरा बुझ्न् सकिन्छ । रापती नदीले गाउँका किसानका खेती गर्ने जमिनमा बगरमा परिणत गरिदिएर छाडेकी उकासको जमिनमा गाउँका अगुवा ज्ञानी महतोले उम्रिएको बेसर्मालाई दिक्क मान्दै हेरेका छन् । यहाँ भारतिय पक्षबाट बर्षातको समयमा रापती नदीको लक्षमणपुर बाँध बन्द गरिदिंदा गाउँबस्तीमा बाढी पसि उर्बर जमिन बगरमा परिणत भई करोडौंको धनजन एवं बालीनाली नोक्सान गर्ने र बर्षातमा यहाँका बासिन्दा प्रकृतिले मच्चाएको विध्वंसले त्राहित्राहिमा रहि दु:ख पाएको कुरा कथामा उल्लेख छ । त्यसैगरी कथामा ज्ञानी महतोले रापती मैयाँले छाडेकी उर्बर बगर जमिनमा उम्रिएका बेसर्माको जङ्गलमा जग्गा जमिन नभएका सुकुम्वासी अहिर जातिलाई बाँडने सोच अनुसार समाजसेवी एवं नेता मुलायम दर्जीले गाउँलेको सभालाई जग्गाको सन्दर्भमा गरेको सम्बोधनमा भूगोल तथा प्रकृतिको निम्न साक्ष्यका चित्रणले अझ स्पष्ट हुन्छ:

मुलायम दर्जीले सभालाई सम्झाउँदै भन्यो –“हेर, रापती मैयाँको कृपाले नदीपारि झन्डै पाँच बिघा जमिन 'उकास' मा निस्केको छ । हामीहरूमध्ये जजससँग जग्गा छैन तिनीहरूले दश कठ्ठाका दरले जग्गा पाउँछन् । तर मिहिनेत गरेर बेसर्माको झ्याङ फाँड्नुपर्छ तपाइँहरू सहमत हुनुहुन्छ भने भोलिदखि नै फाँड्ने काम सुरू हुन्छ ” (पृ.३९) ।

प्रस्तुत कथनानुसार रापती मैयाँ बर्षातका समयमा गाउँबस्ती एवं खेतीको उर्बर जमिनमा प्रबेश गरि बगरमा परिणत गरेकिछिन् भन्ने कुरा उल्लिखित झन्डै पाँच बिघा जमिन 'उकास' मा निस्केको छ भन्ने कथाङ्शबाट बुझ्न सकिन्छ । त्यस इलाकामा तराई मूलका अहिर, धोबी, चमार, कोरी, दर्जी जस्ता जातजातिका मानिसहरू बस्ने र जमिन नभएका ती मानिसहरूलाई दश कठ्ठाका दरले जग्गा बाड्ने भन्ने मुलायम दर्जीको योजनाले उकासको जमिन खेतीयोग्य रहेको छ भन्ने कुरा बुझ्न सकिन्छ । त्यसैगरी उकासम उम्रिएको बेसर्माको झ्याङ मिहिनेत गरेर फाँड्नुपर्छ भन्ने कथाङ्शका अनुसार उकासमा निस्केको जमिनमा बेसर्माले जङ्गल बनाएको छ भन्ने कुरा पनि देख्न सकिन्छ ।

## ८.२ सामाजिक–सांस्कृतिको स्थिति

'उकास' कथाको कथाञ्चल बाँके जिल्ला रापती नदी देखि दक्षिणीतर्फको तराई भूभाग हो । कथामा तत्स्थानिक आफ्नै ढाँचाको ग्रामिण सामाजिक–सांस्कृति विशेषताहरू चित्रण गरिएको छ । कथा नेपालगञ्जको सहर देखि दक्षिण पाँच–सात किलोमिटर दुरीमा रहेको रापती नदीबाट प्रभावित होलिया, लक्ष्मीपुर, फत्तेपुर, नरैनापुर, वेतहनी आदि गाउँवस्तीहरू मध्येका कुनै पनि गाउँमा निर्मित सामाजिक–सस्कृति हो । कथामा अभिजात वर्गीय ठाकुर रणवीर सिंह, पटवारी गङ्गाराम, मुखिया हरभजन सिंहको छलकपट, थिचोमिचो, बेइमानी, चाकडी, चाप्लुसी, धनवल र बाहुबलमा आधारित आलोपालोको दलाली राजनीतिको विकृति र विसङ्गतिलाई परम्परित विशिष्ट सामाजिक संस्कृतिको रूपमा देखाइएको छ । त्यसैगरी यस गाउँमा तराई मूलका अहिर, धोबी, चमार, कोरी, दर्जी जस्ता भिन्नभिन्न जातजाति, समाज र समुदायको प्रतिनिधित्व गराई यस समाजलाई बहुजातीय, बहुधार्मिक सामाजिक–सांस्कृतिको थलोका रूपमा देखाइएको छ । उकासको जमिनमा गाउँका किसानहरूले लगाएको फसल देखेर यी गाउँका अगुवा नामका भडुवाहरूको आँखामा तीन नेत्र बल्यो । उनिहरूले त्यो उकासको जमिन आफ्नो भएको र उक्त जमिनमा लगाइएको फसल आधा आफ्नो हक लाग्ने कुरा गरि गाउँका किसानलाई तनाबमा पारेको कुरा निम्न साक्ष्यबाट प्रष्ट हुन्छः

नदी उकासको लहलहाउँदो फसल हेरे गङ्गाराम पटवारी, ठाकुर रणवीर सिंह र हरभजन सिंहहरूका तीन नेत्र बले । उनीहरूले जग्गा आफ्नो भएको र जग्गाको स्वामित्वको खेतमा उम्रेको बालीमा समेत आधा पाउनुपर्ने दाबी गर्न थाले । गाउँलेहरू, आफ्नो त्यत्रो खेती र मिहिनेत खेर जाने र जग्गासमेत खोसिने आशङ्काले आक्रोशित भए । अहिरटोलीमा ब्यापक तनाव बढ्यो । किसानहरू आफ्नो हकका लागि मर्न–मार्न तयार भए । ठाकुर र पटवारीहरू जालझेल र कागज मिलाउन थाले (पृ. ३९)।

प्रस्तुत कथनानुसार रापती मैयाँले छाडेर बनेको उकास जमिनमा त्यस ग्रामीण इलाकामा बस्ने मानिसहरूले बेसर्माको बोट सफा गरेर फसल लगाएका छन् । गाउँमा राणाकाल देखि गणतन्त्रसम्म आलोपालो गरि एकछत्र हैकम चलाएर बसेका गङ्गाराम पटवारी, ठाकुर रणवीर सिंह र मुखिया हरभजन सिंहले त्यस फसलमाथि आँखा लगाएका छन् । फसल लगाएको त्यो जमिन आफ्नो भएको र त्यस जमिनमा उत्पादित फसलमा आफ्नो आधा हकलाग्ने कुराले गाउँलेलाई आन्दोलित बनायो । तराईको जमिन मुठीभरका जमिनदारको नियन्त्रणमा छन् । जिल्लाका अड्डा अदालतमा, पार्टी कार्यालय र न्याय तथा प्रशासनको क्षेत्रमा यिनिहरूकै एकक्षत्र पहुँच रहने, निरङ्कुश यी सामन्तीहरूको आदेश निर्देश पालना गर्नु पर्ने गाउँलेहरूको जीवन पद्धति नै सामाजिक संस्कृति बनेको छ । किसानहरू आफूmले लगाएको फसल आफ्नो हुनुपर्ने कुरामा अडिग छन् । किसान आफ्नो हकका

लागि मार्न—मर्न तयार भएका बेला यी ठाकुर र पटवारी सामन्तहरू जमिन आफ्नो हो भन्ने देखाउन कृते कागजात गराई छलकपट र जालझेलको सामाजिक संस्कृति प्रदर्शन गरेको कुरा कथाङ्शमा देखाइएको छ ।

त्यसैगरी त्यो उकासको जमिन आफ्नै भएको पटवारीको खातापातामा पनि जमिन आफ्नै प्रमाणित भएको, किसानले बाली काटेमा खुनखराबा हुने भन्दै गाउँका अगुवा मुलायम बाबालाई ठाकुर रणवीर सिंहले आक्रोशित मुद्रांमा सम्झाएको नाममा धम्की दिई त्रासको संस्कृति प्रदर्शन गरेको कुरा निम्न साक्ष्यबाट स्पष्ट हुन्छः

हेर मुलायम बाबा, तिमी बुज्रुग छौ, तिमीलाई थाहै छ, त्यो जमिन हाम्रो हो । पटवारीको खातापातामा पनि जमिन हाम्रै प्रमाणित भएको छ । पहिला तिमीहरूले निर्णय देऊ, यो जमिनको स्वामित्व हाम्रै हो । अनि यसको उब्जनीको अधियाँ हामीलाई दिन्छौ अनि मात्र बालीलाई हात लगाउन दिन्छु , मान्दैनौ भने खुनखराबा हुनेछ, त्यसको जिम्मेदार तिमी नै हुनेछौ (पृ.४०)।

प्रस्तुत कथनानुसार रापती नदीले उकास छाडेकी बगर जमिनमा ठाकुर रणवीर सिंह गाउँका गरिब किसानले लगाएको फसल आफ्नै भएको, पटवारीको खातापातामा पनि जमिन आफ्नै प्रमाणित भएको कुरा मुलायम बाबालाई बताउँछ । बेसर्माको जङ्गल भइन्जेल यी सामन्तहरूलाई यस उकासको जमिनसँग खाँचो भएन् । आज किसानले मिहिनत गरेर झाडी फाँडि लगाएको फसलमाथि यी रक्षकका नामका अगुवा भक्षकहरूको तीन नेत्र बलेको छ । किसानमारा जमिनदारले उब्जनीको अधियाँ हकदाबी गरेर आफ्नो परम्परित विकृत सामन्ती सामाजिक संस्कृतिलाई प्रदर्शन गरेका छन् । किसानले बाली कटान गरेमा खुनखराबा पनि हुँन सक्ने भन्दै ठाकुर रणवीरले हावामा बन्दुक पड्काई डर, त्रासको संस्कृति निर्माण गरी त्यसको जिम्मेदारी किसानका अगुवा मुलायम बाबाले लिनु पर्ने कुरा कथाङ्शमा ब्यक्त गरी सामन्ती संस्कृतिको प्रदर्शन गरिएको छ ।

### ८.३ आर्थिक स्थिति

कुनै कथाञ्चलको राजनीतिक अवस्थामा आएको परिवर्तनले उक्त अञ्चलको आर्थिक अवस्थामा पनि परिवर्तन ल्याउँदछ ।‘उकास' कथाको कथाञ्चलमा राणाकाल देखि गणतन्त्रसम्म गङ्गाराम पटवारी, ठाकुर रणवीर सिंह र हरभजन सिंह जस्ता सीमित ब्यक्तिहरूले सिद्धान्तविहीनको राजनीति गरि धनबल र बाहुबलको आडमा आवधिक चुनाव जित्ने गरेका छन् । त्यसपछि यिनीहरूले समाजमा आफू अनुकूलको सामाजिक नीति स्थापित गराई समाजले थाहै नपाउने गरि अशिक्षा, गरिबी, भ्रष्टचार, ब्यभिचार, राजनीतिक तथा सामाजिक शोषण, बेरोजगारी, अन्धविश्वास आदि विकृत सामाजमा सिर्जना गरि आलोपालो निर्वाचित भै गरिब किसानमाथि एकछत्र हैकम चलाएर शासन गरि बसेका छन् । रापती

नदीले प्रत्येक बर्षको बर्षातमा किसानको उर्बर जमिनलाई डुवान एवं कटान गर्ने र त्यसमाथी ठाकुर रणवीर समेतका सीमित अपराधिक चरित्रका सामन्तवादी, हैकमवादी, निरङ्कुश राजनीतिज्ञ्यले राजनीति गर्ने विशिष्टता अनुसार कथाञ्चलको गाउँका सीमित प्रभुत्वशाली वर्गका ब्यक्तिहरू झन—झन धनी बन्दै जाने र सीमान्त वर्गका गरिब किसानहरू बाढीकोप्रकोप एवं प्रभुत्वशाली वर्गका ब्यक्तिहरूको शोषण, जालझेल, उत्पीडनबाट किसानहरू झन—झन गरीब बन्दै गएको कुरा कथाङ्शको निम्न साक्ष्यबाट स्पष्ट हुन्छः

ज्ञानी महतोको यसै गाउँमा चार बिघा खेत थियो, तर पोहोर र परारको नदीकटानमा सबै जमिन नदीमा गयो । पाँच बिघाको किसान अहिले ठाकुर रणवीरको खेत अधियाँ बटैया गरेर जीविकोपार्जन गरिरहेको छ । गोठमा दुइटा भैंसी पालेको छ । त्यसकै दुध बेचेर दैनिक खर्च टार्ने गरेको छ उसले । तर उसलाई अहिले घरखर्च धान्न धौधौ परेको छ (पृ.३८)।

प्रस्तुत कथनानुसार कथाञ्चलमा बसोबास गर्ने किसानहरूको आर्थिक अवस्था कमजोर रहेको देखाइएको छ । खासगरी प्रभुत्वशाली वर्गका जनतामारा निरङ्कुश राजनीति र बर्षैपिच्छे रापती नदीको कटान र डुवानका कारण कथाञ्चलमा बसोबास गर्ने किसानको आर्थिक अवस्था कमजोर बन्दै गएको बुझ्न सकिन्छ । कथामा ज्ञानी महतोको पाँच बिघा उर्वर जमिन रापती नदीको कटानले बगरमा परिणत भएको छ । पाँच बिघा जमिन भएको जमिनदार ज्ञानी महतो अहिले सुकुम्बासी भई प्रभुत्वशाली वर्गका ब्यक्ति ठाकुर रणवीरको खेत अधियाँ लगाई आफ्ना परिवारको पालनपोषण गर्नु परेको छ । जमिनदार महतो आज सुकुम्बासीमा परिणत भएको छ । घरखर्च धान्न मुस्किल परेकाले ज्ञानी महतोले गोठमा दुइटा भैंसी पालेको छ । आफ्नो घरब्यवहार चलाउन ती भैंसीको दुध बेच्ने गर्दछ भन्ने कुरा कथाङ्शमा बताइएको छ । कथामा ज्ञानी महतो एकको आर्थिक अवस्था दृष्टान्तमा दिइएपनि पटक—पटकको नदीको कटानले सयौं किसानको जमिन रापती मैयाँले बगरमा परिणत गरिदिँदा सयौं किसान ज्ञानी महतो जस्तै सुकुम्बासी भई पेट पाल्नैका निमित्त प्रभुत्वशाली वर्गका ब्यक्तिसामु शरणागतिमा जानु परेको कुरा देख्न सकिन्छ ।

त्यसैगरी रापती नदीले धार परिवर्तन गर्दा चारपाँच बिघा जमिन उकासमा परिणत भएको र त्यस जमिनमा एक धुर पनि जमिन नहुँने गरिब किसानलाई बाड्न पाए किसानको भलो हुँने सोच अनुसार ज्ञानी महतो मुलायम दर्जीको घरमा सरसल्लाह गर्न गएको छ । सल्लाह बमोजिम मुलायम दर्जी समेतको नेतृत्वमा बेसर्माको झाडी फँडान गरी जग्गा नुहनेलाई जग्गा बाडिएको कुरा निम्न साक्ष्यबाट स्पष्ट देख्न सकिन्छः

जग्गा बनाउनु त्यति सजिलो काम होइन । त्यसमाथि पनि बेसर्माको झ्याङ फँडानी गर्नु चानचुने कुरा थिएन तर पनि गाउँलेहरूले दिनरात मिहिनेत गरेर जग्गा फाँडि छोडे । मलिलो माटोको फाँट तयार भयो । मुलायम दर्जी, लच्छी अहिर र ज्ञानी महतोको नेतृुत्वमा एक धुर पनि जग्गा नहुनेलाई जग्गा बाँडियो । जग्गा नहुनेले पसिना बगाए । बर्ष दिन नपुग्दै नदीपारि बेसर्माको जङ्गलमा बाली झुल्न थाल्यो (पृ. ३९)।

प्रस्तुत कथनानुसार कथाञ्चलका क्षेत्रमा बसोबास गर्ने ब्यक्तिहरूको एक धुर पनि जग्गा नभई सुकुम्बासी भएको कुराले त्यस क्षेत्रमा बसोबास गर्ने केही ब्यक्तिहरूको आर्थिक अवस्था कमजोर रहेको देख्न सकिन्छ । उकास कथानुसार रापती नदी पारिको ग्रामिण इलाकामा प्रभुत्वशाली वर्गका जमिनदार, ठाकुर रणवीर सिंह, पटवारी गङ्गाराम, मुखिया हरभजन सिंह जस्ता थोरै ब्यक्तिहरू र निम्न वर्गमा अहिर, धोबी, चमार, कोरी, दर्जी जस्ता जातजातिका धेरै ब्यक्तिहरू बस्ने गरेको देख्न सकिन्छ । कथामा उल्लेख गरिएअनुसार त्यस ग्रामिण इलाकामा निम्न जातजातिका मानिसहरू नदीको आसपासमा बसोबास गर्ने र बर्षातमा रापती नदी बढनासाथ डुवान र कटानमा पर्ने भएकोले धेरै किसानहरू सुकुम्बासी भई जमिनदारको जमिन बटैया गरेर जीविकोपार्जन गर्नु परेको कुराले आर्थिक अवस्था कमजोर देख्न सकिन्छ । यहाँ मुलायम दर्जी, लच्छी अहिर र ज्ञानी महतोको नेतृत्वमा उकासको जमिनमा रहेको बेसर्माको झ्याङ फँडानी गराई मलिलो माटोको फाँट तयार पारियो । कथामा किसानहरूले जग्गा तयार गर्दा दिनरात मिहिनेत गरेको, पसिना बगाएको, एक धुर पनि जग्गा नहुनेले जग्गा पाएको कुराले त्यस क्षेत्रमा बसोबास गर्ने किसानहरूको आर्थिक अवस्था कमजोर रहेको कुरा देख्न सकिन्छ ।

# ९. निष्कर्ष

कथाकार रेग्मीको 'उकास' कथाको कथाञ्चल बाँके जिल्लाको रापती नदी पारि दक्षिणी तराई क्षेत्र होलिया, लक्ष्मीपुर, भगवानपुर, फत्तेपुर, नरैनापुर, वेतहनी, पिपरहवा, सुनवर्षा आदि गाउँहरू रहेको छ । विवेच्य कथानुसार त्यस भेगमा बासिन्दाको सयौं हेक्टर उर्वर जमिन प्रत्येक वर्षको बर्षातमा रापती नदीमा आएको बाढीले डुवान एवं कटानको प्राकृतिक प्रकोपमा परि धेरै धनजनको क्षति ब्यहोर्नु परेको कुरा उल्लेख छ । त्यसैगरी त्यस भेगमा अहिर, धोबी, चमार, महतो, कोरी, दर्जी आदि जस्ता निम्न वर्गीय जातजातिको स्थायी बसोबासमा आफ्नै प्रकारको मिश्रित सामाजिक संस्कृति रहेको देखिन्छ । त्यसैगरी यस भेगमा ज्ञानी महतो, लछ्रि अहिर, मुलायम बाबा जस्ता गरिवको भलो गर्न चाहने जेलनेल भोगेका प्रजातान्त्रिक बिचार राख्ने समाजसेवीको बसोबास रहेको छ भने उता सामन्त एवं

निरङ्कुश शोषक चरित्रका जमिनदार, ठाकुर रणवीर सिंह, पटवारी गङ्गाराम, जस्ता ब्यक्तिहरूले धनबल र बाहुबलको भरमा आर्थिक, राजनीतिक, प्रशासनिक आदि क्षेत्रमा एकक्षत्र कब्जा गरि समाजमा सामन्तवादी एवं निरङ्कुशतन्त्रको स्थापना गरि सामाजिक सस्कृति निर्माण गर्दै समाजलाई पीडा दिएको कुरा उल्लेख छ । त्यसैगरी राणाकालदेखि गणतन्त्रसम्म ठाकुर रणवीर सिंह समेतले आलोपालोको निरङकुश शासनको निरन्तरता नै सामाजाजिक संस्कृति रहेको देखिन्छ । त्यसैगरी शिक्षा, स्वास्थय, पानी, बिजुली, बाटोघाटो, बेरोजगारी जस्ता आधारभुत कुराबाट समाजलाई सधै बञ्चित राख्दै त्यहाँका मानिसलाई सधै गरिब र निमुखा बनाएको कुरा रापती नदीले छाडेको उकास जनिमनमा गाउँलेहरूले मिहिनेत गरि बेसर्माको झ्याङ फाँडी बाली लगाएको कुराले कथाञ्चलका बासिन्दाहरूको आर्थिक अवस्था कमजोर छ भन्ने कुरा कथाङ्शको विविध दृष्टान्तले पुष्टि गरेको छ । यसरी उकास कथामा उल्लेख भै आएका विविध तत्त्वका आधारमा विवेच्य कथा आञ्चलिकताको कोणबाट उपयुक्त रहेको कुरा निष्कर्ष रहेको छ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, रविकिरण (२०७६), *रमेश विकलका उपन्यासमा आञ्चलिकता,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय।

अश्क, गोपाल (२०७८), *सनत ७५* (सम्पा.), काठमाडौं: तन्नेरी प्रकाशन ।

आप्टे, वामन शिवराम (सन् १९९९), *संस्कृत हिन्दी कोश,* दिल्ली: भारतीय विद्या प्रकाशन।

इन्साइक्लोपेडिया ब्रिटानिका, भोलुम ९. न्युयोर्क: भ्यासमिलियन कम्पनी, सन् १९८०.।

जैन, नगीना (सन् १९७६), *आञ्चलिकता और हिन्दी उपन्यास,* नयाँ दिल्ली: अक्षर प्रकाशन।

सापकोटा, कृष्णप्रसाद (२०७४), *ध्रुबचन्द्र गौतमका उपन्यासमा आञ्चलिकता,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय।

सुवेदी, धनप्रसाद (२०६८), *नेपाली आञ्चलिक उपन्यासका प्रवृति,* कीर्तिपुर: अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय।

पौडेल, वन्दना (२०७६), सटाहा कथामा आञ्चलिकता, *प्राज्ञिक बिज्ञ समीक्षित जर्नल.* सुर्खेत: बर्ष १, अङ्क १, २०७५, पृ.५९–६५ ।